नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौ ।

---

# सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) बमोजिम

# सार्वजनिक गरिएको सूचनाको स्वतस्फूर्त प्रकाशन

# ( २०८२ असारसम्म)

प्रकाशकः

युवा तथा खेलकुद मन्त्रालय
कर्मचारी प्रशासन शाखा
सिंहदरबार, काठमाडौं

## सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) अनुसार सार्वजनिक गरिएको
## २०८२ असारसम्मको सूचनाको स्वतस्फूर्त प्रकाशन

### १. युवा तथा खेलकुद मन्त्रालयको स्वरुप र प्रकृतिः

युवा तथा खेलकुद मन्त्रालय देशको प्रमुख श्रमशक्ति र उर्जाका रुपमा रहेका युवाहरुको समग्र विकास र खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार प्रमुख केन्द्रीय निकायका रुपमा २०६५ सालमा स्थापना भएको मन्त्रालय हो । युवा विकास तथा परिचालन र खेलकुदको विकासका लागि नीति निर्माण, नीति कार्यान्वयनका लागि योजना तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाउने र सोको अनुगमन तथा मूल्याङ्कन गर्नु गराउनु यस मन्त्रालयको प्रमुख कार्य रहेको छ ।

### २. युवा तथा खेलकुद मन्त्रालयको काम, कर्तव्य र अधिकारः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार युवा तथा खेलकुद मन्त्रालयलाई प्राप्त कार्यदेश र जिम्मेवारीको क्षेत्र देहाय बमोजिम रहेको छः

१युवा तथा खेलकुद सम्वन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन युवा, खेलकुद र स्काउटसम्बन्धी नीति, कानून, मापदण्ड;

१. राष्ट्रियस्तरका खेलकुद संघसंस्थाको नियमन र समन्वय;
२. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्द्धन;
३. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता;
४. युवा जागरण तथा विकास;
५. राष्ट्रिय खेलकुद परिषद्;
६. युवा स्वरोजगार कोष;
७. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;
८. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
९. मन्त्रालयको विषय क्षेत्रसँग सम्बन्धित सेवा, समूह र उपसमूहको सञ्चालन ।

उक्त नियमावलीले युवा तथा खेलकुद मन्त्रालयलाई युवा विकास तथा परिचालन र खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार र अधिकारसम्पन्न तथा उत्तरदायी केन्द्रीय निकायका रुपमा स्थापित गरी नीतिगत व्यवस्थापन, समन्वय, नियमनका लागि देहायका अधिकारक्षेत्र प्रदान गरेको छः


- नीतिगत विकास व्यवस्थापनको अधिकार क्षेत्र
- नियमनात्मक र नियन्त्रणात्मक अधिकार क्षेत्र
- सहकार्यात्मक र साझेदारीको अधिकार क्षेत्र
- विकासात्मक अधिकारक्षेत्र
- अनुसन्धानात्मक र सुधारात्मक अधिकार क्षेत्र
- समन्वयात्मक अधिकार क्षेत्र

- संस्थागत ब्यवस्थापकीय अधिकार क्षेत्र
- वित्तीय ब्यवस्थापकीय तथा स्रोत परिचालन अधिकार क्षेत्र
- अन्तराष्ट्रिय सम्पर्क र सम्वन्धको पिरचालन र ब्यवस्थापन गर्ने अधिकार क्षेत्र

## ३. युवा तथा खेलकुद मन्त्रालयको संरचना, कर्मचारी सङ्ख्या र कार्य विवरणः

मन्त्रालयस्तरीय संगठनात्मक व्यवस्था मात्र रहेको युवा तथा खेलकुद मन्त्रालयमा एकजना विभागीय मन्त्री, नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव एक जना, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको सहसचिव एक र नेपाल शिक्षा सेवाको सहसचिव एक गरी दुईजना सहसचिवको व्यवस्था रहेको छ । हाल मन्त्रालयमा दुईवटा महाशाखा र दशवटा शाखाको व्यवस्था रहेको छ । मन्त्रालयको वर्तमान संगठनात्मक संरचना देहाय बमोजिम रहेको छ ।

## प्रस्तावित संगठन सरंचना र दरबन्दी विवरण



**कर्मचारी सङ्ख्या**

| क्र.सं. | तह | सेवा समूह | साविक स्वीकृत | |
|---|---|---|---|---|
| | | | दरबन्दी | जम्मा दरबन्दी |
| १ | रा.प.विशिष्ट | | १ | १ |
| २ | रा.प.प्रथम | प्रशासन | १ | २ |
| | | शिक्षा | १ | |
| ३ | रा.प.द्वितीय | प्रशासन | ५ | ११ |
| | | शिक्षा | ३ | |
| | | लेखा | १ | |
| | | इन्जीनियर | १ | |
| | | कानून | १ | |
| ४ | रा.प.तृतीय | प्रशासन | ६ | १२ |
| | | शिक्षा | ३ | |
| | | लेखा | १ | |
| | | कानून | १ | |
| | | इन्जीनियर | १ | |
| ५ | रा.प.अनं. प्रथम | प्रशासन | ७ | १५ |
| | | विविध | ६ | |
| | | लेखा | २ | |
| ६ | श्रेणी विहिन | हलुका सवारी चालक | ६ | ६ |
| | | कार्यालय सहयोगी | १० | १० |
| **जम्मा** | | | **५७** | |

युवा विकास महाशाखा

| महाशाखा र अन्तरगतका शाखाहरु | कार्यजिम्मेवारी र कार्यविवरण |
|---|---|
| युवा विकास महाशाखा | • युवा विकास राष्ट्रिय नीति, रणनीति तर्जुमा परिमार्जन र कार्यान्वयनसम्बन्धी कार्य,<br>• राष्ट्रिय युवा परिषद् सम्बन्धी कार्यहरूको समन्वय,<br>• युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्बन्धी कार्यहरूको समन्वय,<br>• राष्ट्रिय युवा परिषद् र युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सम्पर्क महाशाखाको कार्य,<br>• युथ भिजन-२०२५ को कार्ययोजना तयारी तथा कार्यान्वयन सम्बन्धी कार्यको समन्वय र अनुगमन,<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा अनुभव आदान-प्रदान सम्बन्धी कार्य,<br>• युवा सम्बन्धी राष्ट्रिय स्तरका संघसंस्थाहरूको सम्पर्क, सम्बन्ध, समन्वय र नियमन सम्बन्धी कार्य,<br>• युवासँग सम्बन्धित अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरूसँग समन्वय सम्बन्धी कार्य,<br>• युवा सम्बद्ध कार्यको सन्दर्भमा संयुक्त राष्ट्रसंघ र अन्य दातृ निकायहरूसँगको समन्वय सम्बन्धी कार्य,<br>• अन्तर्राष्ट्रिय युवा महोत्सव, भेला र सम्मेलनमा सहभागिता सम्बन्धी कार्य,<br>• प्रदेश र स्थानीय तहमा युवा परिचालन एवं विकास सम्बन्धी कार्यहरूको सहजीकरण, क्षमता विकास र समन्वय,<br>• सार्क युथ चार्ट सम्बन्धी कार्य,<br>• युवा विकासका सन्दर्भमा मित्र राष्ट्रहरूसँग समझदारी (MoU) गर्ने कार्य,<br>• नेपाल स्थित विभिन्न राजदूतावास तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामार्फत नेपालमा आउने युवा स्वयंसेवकहरूको सेवासम्बन्धी कार्य,<br>• संघीय युवा विकासका कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य,<br>• राष्ट्रिय युवा परिषद,युवा तथा साना व्यवसायी स्वरोजगार कोष र अन्य सरकारी निकायद्वारा सञ्चालन गरिने सीपमूलक तालिम तथा स्वरोजगारमूलक तालिम सम्बन्धी कार्यहरूको समन्वय,<br>• युवा लक्षित र मागमा आधारित सीप विकास तालिम कार्यक्रमको पहिचानर सञ्चालनमा समन्वय,<br>• युवा स्वयंसेवक परिचालन कार्यको समन्वय तथा निर्देशन,<br>• युवा सूचना केन्द्र सम्बन्धी कार्यको समन्वय,<br>• राष्ट्रिय/अन्तर्राष्ट्रिय युवा दिवस तथा महोत्सव सम्बन्धी कार्यको समन्वय,<br>• राष्ट्रिय युवा प्रतिभा सम्मान सम्बन्धी कार्य,<br>• राष्ट्रिय विकासमा युवा परिचालन कार्यको समन्वय, |

| | |
|---|---|
| | • युवासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, प्रोटोकल तथा संयुक्त राष्ट्रसघंका विशेष उल्लेख हरू सम्बन्धी कार्यको कार्यान्वयन कार्ययोजना तर्जुमा र कार्यान्वयनको अनुगमन सम्बन्धी कार्य,<br>• युवा परिचालन सम्बन्धी द्विपक्षीय समझदारी सम्बन्धी कार्य,<br>• लक्षित युवाहरूमा मनोपरामर्श एवं सकरात्मक सोचको प्रवाह गर्ने क्रियाकलापहरूको पहिचान गरी लक्षित कार्यक्रमहरू सञ्चालन,<br>• युवासँग सम्बन्धित लेख, रचना तथा सन्देशमूलक सामग्री उत्पादन गरी विभिन्न सञ्चार माध्यमद्वारा प्रचार-प्रसार सम्बन्धी कार्य,<br>• नेपाल स्काउटसम्बन्धी कार्यहरूको समन्वय,<br>• तोकिए बमोजिमका अन्य काम । |
| **<u>महाशाखा अन्तरगतका शाखाहरु</u>**<br>• कर्मचारी प्रशासन शाखा,<br>• आर्थिक प्रशासन शाखा<br>• युवा परिचालन तथा परामर्श शाखा,<br>• युवा उद्यमशीलता विकास तथा लगानी प्रवर्धन शाखा,<br>• योजना, अनुगमन तथा विकास सहायता समन्वय शाखा<br>• कानुन तथा फैसला कार्यान्वयन शाखा। | |

**१) कर्मचारी प्रशासन शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख  गरिएको छ ।

- मन्त्रालय र अन्तर्गतको सेवा समूहका पदाधिकारीहरुको कर्मचारी व्यवस्थापन संग सम्बन्धित सम्पूर्ण कार्यहरु (जस्तैःनियुक्ति, पदस्थापना, विभागीय कार्यवाही, सरुवा, बढुवा, राजिनामा, अवकाश आदि) सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालय सम्बन्धित सेवा समूह अन्तर्गतका पदहरु सृजना एवं परिपूर्तिका लागि आवश्यक कार्यहरु गर्ने ।
- प्रोत्साहन तथा पुरस्कारका लागि योग्य कर्मचारीहरु छनौट गर्न सिफारिस गर्ने ।
- मन्त्रालयमा कार्यरत कर्मचारिहरुको आन्तरिक बढुवा सम्बन्धी प्रारम्भिक कार्यवाही गर्ने ।
- मन्त्रालय तथा मातहतका कर्मचारीहरुको कार्य विवरण, कार्य विभाजन एवं जनशक्ति सम्बन्धी विवरण तयार गर्ने ।
- कर्मचारीहरुको वृत्ति विकासका लागि वैदेशिक तथा स्वदेशी तालिम, गोष्ठी सेमिनार, अध्ययन, अध्ययन भ्रमण आदिको आवश्यकता पहिचान तथा सहभागिताका लागि मनोनयन लगायतका आवश्यक कार्यहरु गर्ने ।
- मन्त्रालयको भौतिक सम्पत्तिको अभिलेख, संरक्षण, परिचालन र संभार सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयमा कार्यरत कर्मचारीहरुका लागि प्राप्त हुने विदेशी छात्रवृत्तिको विवरण तथा सोको अभिलेख सम्बन्धी कार्य
  गर्ने ।
- मन्त्रालयमा कार्यरत कर्मचारीहरुको केन्द्रिय प्रशासनिक निकायका रुपमा कार्य गर्ने तथा कर्मचारी विकाससँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

- अन्य शाखाको क्षेत्र भित्र नपरेका आकस्मिक प्रकृतिका कामहरु गर्ने ।
- नागरिक वडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरु एवम् अन्य निर्देशित कार्यहरु तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

२) **आर्थिक प्रशासन शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- आर्थिक प्रशासन सम्बन्धि प्रचलित ऐन नियम र आर्थिक कार्यविधि ऐन तथ सो सम्बन्धि नियमावलीको अधिनमा रहि मन्त्रालयको आर्थिक कारोबार संचालन गर्ने ।
- मन्त्रालय अन्तर्गतको बजेट तर्जुमा गरी स्विकृतिका लागि पेश गर्ने ।
- मन्त्रालय र अन्तर्गत निकायलाई उपलब्ध गराउने बजेट रबमको अख्तियारी तयार गर्ने र खर्च सम्बन्धी नम्सलाई व्यवस्थित गर्ने ।
- कार्यक्रम बजेटको सम्बन्धमा योजना, अनुगमन तथा मूल्यांकन शाखासँग समन्वय गरी बजेट तर्जुमा गर्ने ।
- स्विकृत बजेटको निकासा लिने, लेखा राख्ने, प्रतिवेदन गर्ने, एकिकृत केन्द्रिय आर्थिक विवरण तयार गर्ने ।
- मन्त्रालयको लेखापरिक्षण गराउने र बेरुजु सम्परिक्षण गराउने ।
- मन्त्रालयको आर्थिक कारोवार सम्बन्धि श्रेस्ताहरुको जिम्मा लिई सुरक्षित राख्ने ।
- आर्थिक प्रशासन सम्बन्धि विषयमा राय परामर्श प्रदान गर्ने ।
- आन्तरिक व्यवस्थापन शाखाको सहयोग लिई मन्त्रालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरी तलब भत्ता वितरण गर्ने ।
- बेरुजु फछ्र्यौट सम्बन्धमा आवश्यक कार्यवाही गरी प्रगति विवरण पठाउने ।
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- नागरिक वडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरु एवं अन्य निर्देशित कार्यहरु तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

३) **युवा परिचालन तथा परामर्श शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- युवा सम्बन्धी नीति, रणनीत र कार्यक्रम तर्जुमा तथा कार्यक्रम कार्यान्वयनको समन्वय,
- राष्ट्रिय युवा नीति र युथ भिजन-२०२५ को कार्ययोजना निर्माण तथा कार्यान्वयन सम्बन्धी कार्य,
- राष्ट्रिय युवा परिषदको सञ्चालनको सहजीकरण तथा समन्वय सम्बन्धी कार्य,
- युवा बिकास तथा युवा सम्बद्ध अन्य कार्यक्रमहरूको प्रभावकारिता अध्ययन र मूल्याङ्कन सम्बन्धी कार्य,
- युवा नेतृत्व तथा व्यक्तित्व विकास सम्बन्धी कार्य
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा युवा आदान-प्रदान सम्बन्धी कार्य,
- राष्ट्रिय एकता सुदृढीकरणका लागि युवा शिविर, सम्मेलन, भेला आयोजना,
- अन्तरप्रदेश युवा आदान-प्रदान कार्यको समन्वय,
- युवा महोत्सव तथा बहुसाँस्कृतिक क्रियाकलापहरुको आयोजनाको समन्वय,
- दिगो विकास लक्ष्य (SDGs)का युवासँग सम्बन्धित लक्ष्यहरू कार्यान्वयनको समन्वय सम्बन्धी कार्य,
- राष्ट्रिय युवा प्रतिभा सम्मानसम्बन्धी कार्य,
- युवा स्वयंसेवक परिचालन र समन्वय सम्बन्धी कार्य,

- आन्तरिक र बाह्य युवा अनुभव आदान-प्रदान सम्बन्धी कार्य गर्ने,
- अन्तरसरकारी निकायसँग समन्वय सम्बन्धी कार्य,
- युवा परिचालनसम्बन्धी द्विपक्षीय समझदारी सम्बन्धी कार्य,
- राष्ट्रिय एकता र राष्ट्रनिर्माण सम्बन्धी वक्तृत्वकला सम्बन्धी कार्य,
- युवा स्वास्थ्य र सचेतना, वातावरण संरक्षणमा युवा परिचालन सम्बन्धी कार्य,
- नेपाल स्काउटको सम्पर्क शाखाको कार्य,
- युवा र युवा संस्थाद्वारा सञ्चालन गरिने सीपमूलक तालिम तथा स्वरोजगारमूलक तालिम सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय युवा परिषदको सम्पर्क शाखाको कार्य गर्ने,
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू सम्पादन गर्ने ।

४) **युवा उद्यमशीलता विकास तथा लगानी प्रवर्धन शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- युथ भिजन-२०२५ का आधारमा युवा उद्यमशीलता तथा रोजगार विकासका योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य,
- युवा लक्षित मागमा आधारित सीप विकास तालिम कार्यक्रमको पहिचान र कार्यान्वयन सम्बन्धी कार्य,
- उद्यमी युवाहरूको सञ्जाल गठन र परिचालन सम्बन्धी कार्य,
- युवा उद्यमशीलता सम्बन्धी समन्वयको कार्य,
- उद्यमी युवालाई सम्मान तथा प्रोत्साहन सम्बन्धी कार्य,
- उद्यमसम्बन्धी महोत्सवको समन्वयसम्बन्धी कार्य,
- विषयक्षेत्रका आधारमा अगुवा उद्यमी युवाको प्रोफाइल तयार पार्ने कार्य,
- दिगो विकास लक्ष्य (SDGs)का युवासम्बन्धी लक्ष्य कार्यान्वयनको समन्वय सम्बन्धी कार्य,
- युवा उद्यमशीलता विकासका लागि विज्ञहरूसँग परामर्श कार्यक्रमको समन्वय,
- युवा उद्यमशीलता विकासका लागि युवाका क्षेत्रमा कार्यरत गैससँग समन्वय सम्बन्धी कार्य,
- युवा रोजगारको अवस्था सम्बन्धी स्थानीय तहबाट सङ्कलन हुने तथ्याङ्क एकीकृत गरी प्रकाशन गर्ने,
- युवालाई सीप र क्षमताका आधारमा उद्यमका लागि सहज कर्जा प्रवाह सम्बन्धी कार्यको समन्वय,
- युवालाई देशमा उपलब्ध आर्थिक तथा रोजगारीका अवसरबाट लाभ लिन उत्प्रेरित गर्ने,
- युवा तथा साना व्यावसायी स्वरोजगार कोषबाट युवामा हुने लगानी कार्यको सहजीकरण र अनुगमन गर्ने,
- युवाको सहकारी तथा वित्तीय संस्थामा सहज र सरल पहुँच अभिवृद्धि सम्बन्धी कार्यको समन्वय गर्ने,
- युवाका लागि वित्तीय साक्षरता र नयाँ व्यवसाय थालनीसम्बन्धी तालिम सञ्चालन सम्बन्धी कार्य,
- युवा उद्यमी परामर्श तथा वित्तीय सेवा सहजीकरणका लागि युवा विकासका क्षेत्रका कार्यरत सरकारी निकाय,सहकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय गर्ने सम्बन्धी कार्य,
- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानी सम्बन्धी विधि र कार्यप्रक्रिया सम्बन्धी कार्य,
- सफल युवा प्रतिभा तथा उद्यमीको खोजी गरी प्रोत्साहन सम्बन्धी कार्यको समन्वय,
- युवालाई श्रमको सम्मान गर्दै र उत्पादनसँग जोड्ने सम्बन्धी कार्य,
- एक स्थानीय तह एक उत्पादन कार्यक्रमका लागि स्थानीय तह र प्रदेशसँग समन्वयको कार्य,

- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सम्पर्क शाखाको रुपमा काम गर्ने ।
- शाखाको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने, गराउने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

**५) योजना, अनुगमन तथा विकास सहायता समन्वय शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- मन्त्रालयको वार्षिक योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने ।
- युवा तथा खेलकुद विकास सम्बन्धी वार्षिक कार्यक्रमहरु तयार गर्ने ।
- युवा तथा खेलकुद विकास सम्बन्धी आवधिक (अल्पकालिन, मध्य र दीर्घकालिन) योजनाहरु तयार गर्ने ।
- जिल्ला तथ क्षेत्रस्तरीय कार्यक्रमहरु तर्जुमा गर्ने ।
- मन्त्रालय अन्तर्गतका निकाय तथ सम्बन्धित संस्थाबाट प्राप्त योजना तथ कार्यक्रमलाई अन्तिम रुप दिई राष्ट्रिय यझनामा समाहित गर्न राष्ट्रिय योजना आयोगमा सिफारिस सहित पठाउने ।
- वैदेशिक सहयोगका सम्बन्धमा सरकारका अन्य मन्त्रालय, आयोग, सचिवालय र दातृ निकायसँग सहयोग र सम्बन्ध विस्तार गर्न आवश्यक कार्य गर्ने ।
- युवा विकास सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार तथा सम्मेलन सम्बन्धि कार्य गर्ने गराउने ।
- योजना शाखासँग समन्वय गरी वैदेशिक सहयोग सम्बन्धी कार्य गर्ने ।
- युवा विकास र परिचालनका लागि अन्तर्राष्ट्रिय सम्झौता सम्बन्धी कार्य गर्ने ।
- आन्तरिक व्यवस्थापन शाखाबाट अनुरोध भई आएका जनशक्ति विकास सम्बन्धी कार्यक्रमका लागि वैदेशिक सहयोगको परिचालन गर्न पहल गर्ने ।
- युवा, खेलकुद र स्काउटको विकास र विस्तारका लागि वैदेशिक सहयोगको सम्भाव्यता र आवश्यकताको क्षेत्र पहिचान गर्ने ।
- युवा, खेलकुद र स्काउटका सम्बन्धमा सहयोग गर्ने विभिन्न वैदेशिक दातृ निकायहरु बीच सम्बन्ध सम्बन्धी कार्य

  गर्ने । युवा, खेलकुद तथा स्काउटसँग सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गरी नीति निर्धारणमा सहयोग गर्ने ।
- युवा, खेलकुद तथा स्काउटसँग सम्बन्धी अनुसन्धान तथा विकाससँग सम्बन्धित कार्यमा सहयोग र समन्वय गर्ने ।
- अनुसन्धानबाट प्राप्त निष्कर्षहरुको प्रचार प्रसार गराउने ।
- मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार अनुगमन कार्ययोजना तथा मूल्यांकन सूचकहरु तयार गरी स्वीकृतिका लागि पेश गर्ने ।
- स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वयनको आवश्यकतानुसार अनुगमन एवं निरीक्षण गरी यस सम्बन्धी पृष्ठपोषण प्राप्त गर्ने ।
- कार्यक्रम कार्यान्वयनमा देखा परेका बाधा अड्काउ हटाउने र समस्या समाधान गर्न सहयोग गर्ने ।
- आयोजना र परियोजनाहरुको चौमासिक प्रगति समिक्षाका लागि विवरण तयार गर्ने, प्रगति समीक्षा गर्ने, प्रगति प्रतिवेदन तयार गर्ने ।

- मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग लगायत सम्बन्धित निकायहरुमा पठाउने ।
- शाखाको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र बैठक आयोजना गर्ने कार्य।

नागरिक वडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरु एवं अन्य निर्देशित कार्यहरु तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

### ६) कानुन तथा फैसला कार्यान्वयन शाखा

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयहरुका ऐन नियम तर्जुमा गर्ने ।
- मन्त्रालयसम्बन्धी पर्न आएका मुद्दा मामिला सम्बन्धमा आवश्यक कार्य गर्ने ।
- मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयहरुका ऐन नियम तर्जुमाका लागि कानून तथा फैसला कार्यान्वयन गर्ने ।
- जग्गा अधिकरण र भोगाधिकार सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयका महाशाखा, शाखा तथा अन्तर्गतका कार्यालयहरुलाई आवश्यक परेको बेलामा कानुनी सल्लाह उपलब्ध गराउने ।
- मन्त्रालयबाट प्रकाशित गराउनुपर्ने नियम विनियम सूचना आदि नेपाल राजपत्रमा प्रकाशन गराउने व्यवस्था गर्ने ।
- अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने, गराउने ।
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- नागरिक वडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरु एवं अन्य निर्देशित कार्यहरु तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

**खेलकुद विकास महाशाखा**

| **महाशाखा र अन्तरगतका शाखाहरु** | **कार्यजिम्मेवारी र कार्यविवरण** |
| --- | --- |
| **खेलकुद विकास महाशाखा** | • राष्ट्रियस्तरका खेलकुदसम्बन्धी संघसंस्थाहरूसँग सम्पर्क, सम्बन्ध, समन्वय र सहजीकरण कार्य गर्ने र त्यस्ता संघसंस्थाहरूको कार्यहरूको नियमन गर्ने गराउने,<br>• राष्ट्रिय खेलकुद परिषद्को सर्म्पक महाशाखाको कार्य,<br>• राष्ट्रिय स्तरका खेल संघसंस्थाहरूको नियमन र अनुगमनसम्बन्धी कार्य,<br>• स्थानीय, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्द्धनसम्बन्धी कार्य र सो कार्यहरूको समन्वय,<br>• स्थानीय, प्रदेशस्तरीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सम्बन्धी कार्यहरू,<br>• राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितासम्बन्धी कार्यको समन्वय,<br>• राष्ट्रिय खेलकुद परिषद्सँग सम्बन्धित कार्यहरू, |

| | |
|---|---|
| | • विद्यालय तथा विश्वविद्यालयमा सञ्चालन गरिने खेलकुद सम्बन्धी प्राज्ञिक पाठ्यक्रम विकास र कार्यान्वयनमा समन्वय,<br>• पारा खेलकुदसम्बन्धी कार्य,<br>• खेल पूर्वाधारहरूको संरक्षण, सम्बर्द्धन, मर्मतसम्भार र उपयोगसम्बन्धी कार्यविधि र मापदण्ड निर्धारणसम्बन्धी कार्य,<br>• एक खेल एक एकेडेमी र खेल विश्वविद्यालयको स्थापना तथा विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग सम्पर्क र समन्वय,<br>• देशमा खेल पर्यटनको विकासका लागि सम्वन्धित स्वदेशी तथा विदेशी सरोकारवालासँग समन्वय सम्बन्धी कार्य,<br>• खेलकुद संघसंस्थाहरूलाई उपलब्ध गराउने अनुदानसम्बन्धी कार्य विधिहरूको तर्जुमा,<br>• खेलकुद क्लब तथा संघ संस्थाहरूमा विदेशी खेलाडी/प्रशिक्षक राख्नु पर्दा सो खेलाडी/प्रशिक्षकको प्राप्ति सम्बन्धी कार्यविधि तर्जुमा र सिफारिस सम्बन्धी कार्य,<br>• खेलकुद सम्बन्धी संघहरूको दर्ता प्रकिया सम्बन्धमा स्थानीय तह, प्रदेश र राष्ट्रियस्तरमा केन्द्रले अवलम्बन गर्नुपर्ने विधि तथा कार्य प्रकृया सम्बन्धी कार्यहरू,<br>• विदेशी खेलाडी तथा प्रशिक्षकहरूको गैर पर्यटकीय भिसा सिफारिस सम्बन्धी कार्यहरू,<br>• स्थानीयतह, प्रदेश र केन्द्रबाट निर्माणहुने खेलकुद पूर्वाधारहरूको कार्यहरूको समन्वय सम्बन्धी कार्यहरू,<br>• खेल संग्राहलयको नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने सम्बन्धी कार्यहरू,<br>• अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपका खेल पूर्वाधारहरूको पहिचान र सर्वेक्षण गर्ने, विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार गर्ने र निर्माण कार्यको व्यवस्थापन सम्बन्धी कार्यहरू,<br>• परम्परागत, सहासिक एवं पर्यटकीय खेलकुदको विकास, प्रतियोगिता र तालिम समन्वयको कार्य,<br>• नेपालको खेलकुद क्षेत्रको विकासको लागि रणनीतिक योजना तर्जुमा गर्ने सम्बन्धी कार्यहरू,<br>• खेलकुद प्रतिभा सम्मानसम्बन्धी कार्यहरु,<br>• खेल पूर्वाधारको अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरु,<br>• स्पोर्ट्स मेडिसिन तथाखेलमाप्रतिवन्धितऔषधिसेवनविरुद्ध जनचेतनामूलक पैरवी, अनुसन्धान र अनुगमनसम्बन्धी कार्यहरु,<br>• खेलाडी कल्याण तथा प्रोत्साहनसम्बन्धी कार्य, कार्यविधि र मापदण्डको तर्जुमा सम्बन्धी कार्यहरु,<br>• खेलाडी परामर्शसम्वन्धी कार्यहरु,<br>• खेल संघसंस्थालाई उपलब्ध गराइने अनुदानसम्बन्धी कार्यविधिको तर्जुमा र मापदण्ड सम्बन्धी कार्यहरु,<br>• हाई अल्टिच्युड स्पोर्तसकोपहिचान गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने रहाई अल्टिच्युड स्पोर्तस तालिम केन्द्रको निर्माण एवम् कार्यान्वयनसम्बन्धी कार्यहरु, |

| | |
|---|---|
| | • नेपाल ओलम्पिक कमिटी, एन्फा, क्यानलगायतका संस्थाको अनुगमन र नियमनसम्बन्धी कार्यहरु,<br>• तोकिएबमोजिम अन्य काम गर्ने गराउने । |
| **<u>महाशाखा अन्तरगतका शाखाहरु</u>**<br>• खेल पूर्वाधार विकास शाखा,<br>• खेलकुद प्रवर्धन शाखा,<br>• खेलकुद प्रतियोगिता शाखा,<br>• खेल संघसंस्था समन्वय शाखा | |

**१) खेल पूर्वाधार विकास शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- खेल पूर्वाधारहरूको मापदण्ड निर्धारणसम्बन्धी कार्य,
- खेल पूर्वाधारहरूको संरक्षण, सम्बर्द्धन, मर्मत सम्भार र उपयोगसम्बन्धी कार्यविधि र मापदण्ड तर्जुमा र कार्यान्वयन,
- खेल पूर्वाधारको अभिलेख तयारी सम्बन्धी कार्य,
- विभिन्न खेल पूर्वाधारहरूको पहिचान, विकास र विस्तारका लागि आवश्यक प्राविधिक कागजात तयारीको कार्य,
- अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपका खेल पूर्वाधारहरूको पहिचान र सर्वेक्षण गर्ने, विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार गर्ने,
- खेल पूर्वाधार निर्माणको डि.पि.आर., ड्रइङ, डिजाइनसम्बन्धी कार्य,
- हाइ अल्टिच्युड स्पोर्टस् र साहसिक खेलको पूर्वाधार पहिचान, डि.पि.आर. तयारी सम्बन्धी कार्य,
- खेलकुदको क्षेत्रमा विश्वमा भएका नविन प्रविधिहरुको जानकारी र उपयोग सम्बन्धी कार्य ।
- खेल पूर्वाधार निर्माणको अनुगमन तथा गुणस्तर कायम सम्बन्धी कार्य,
- Sports City सम्बन्धी कार्यहरु,
- शाखाको मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयारसम्बन्धी कार्य,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू।

**२) खेलकुद प्रवर्धन शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- राष्ट्रिय खेलकुद नीतिको तर्जुमा, पुनरावलोकन, संसोधन र कार्यान्वयनमा सम्पर्क शाखाको रूपमा कार्य गर्ने,
- राष्ट्रिय खेलकुद परिषद् सम्वन्धी कार्य,
- परम्परागत, सहासिक एवं पर्यटकीय खेलकुदको विकास, प्रतियोगिता र तालिम समन्वयको कार्य,
- खेलकुद विकासका लागि विद्यालय तथा विश्वविद्यालयमा सञ्चालन गर्नुपर्ने प्राज्ञिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
- एक खेल एक एकेडेमी र खेल विश्वविद्यालयको स्थापना तथा विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग सम्पर्क र समन्वय,
- नेपालका परम्परागत खेलहरुको पहिचान गरी तिनीहरुको संरक्षण र विकास सम्वन्धी कार्य गर्ने,

- देशमा खेल पर्यटनको विकासको कार्य गर्ने,
- स्पोर्ट्स मेडिसिन तथा खेलमा प्रतिबन्धित औषधि सेवन विरुद्ध जनचेतनामूलक पैरवी, अनुसन्धान र अनुगमनसम्बन्धी कार्य,
- खेलाडीतथा प्रशिक्षकको विमा तथा कल्याणसम्बन्धी कार्य,
- खेल संघसंस्थाहरूलाई उपलब्ध गराइने अनुदानसम्बन्धी विधि, प्रक्रिया र मापदण्डको तर्जुमा,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पदक प्राप्त गर्ने तथा कीर्तिमानी खेलाडीको प्रोत्साहनका लागि आवश्यक कार्य गर्ने,
- विद्यालय तथा विश्वविद्यालयका संचालन गरिने सह क्रियाकलाप सम्वन्धी शिक्षकहरुलाई तालिम पाठ्यक्रमको विकास र तालिम संचालन तथा अनुगमन गर्ने,
- खेलकुद क्षेत्रमा नवप्रवर्तनका लागि अध्ययन,अनुसन्धान तथा प्रोत्साहन सम्बन्धी कार्य गर्ने,
- खेलाडी, प्रशिक्षक, खेल संघ तथा खेलका लागि तालिमको सक्षमताको मापदण्ड तयार गरी लागू गर्ने, गराउने,
- राष्ट्रिय खेल लगायत नेपालका उदीयमान खेलहरुको विकासका लागि प्रोत्साहनमूलक कार्यक्रमहरुको विकास गर्ने,
- खेलकुद विकास सम्वन्धी स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना तयार गरी कार्यन्वयनगर्ने,
- सङ्ग्राहलयको प्रोत्साहनका लागि कार्यक्रमको विकास गरी कार्यान्वियन गर्ने, गराउने,
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनसम्बन्धी कार्य,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू ।

**३) खेलकुद प्रतियोगिता शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा संचालन हुने खेलकुद प्रतियोगिताहरूको समन्वय सम्बन्धी कार्य,
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्नसक्ने खेलाडी उत्पादन हुनेगरी खेलको स्तर वृद्धि सम्बन्धी कार्य,
- स्थानीय, प्रदेश स्तरीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताको आयोजना र सहभागितासम्बन्धी कार्य,
- खेलकुद प्रतियोगिता सञ्चालनका मापदण्ड निर्धारणसम्बन्धी कार्य,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतिभा सम्मानसम्बन्धी कार्य,
- खेलाडी पुरस्कार मापदण्ड निर्धारणसम्बन्धी कार्य,
- हाइ अल्टिच्युड स्पोर्टस र साहसिक खेलको प्रतियोगिता सञ्चालनमा समन्वय सम्बन्धी कार्य,
- एन्टी डोपिङसम्बन्धी कार्य,
- विश्वविद्यालय खेलकुद प्रतियोगिताको समन्वय सम्बन्धी कार्य,
- खेलकुद विकास सम्बन्धी बार्षिक कार्यक्रम तर्जुमा सम्बन्धी कार्य,
- विदेशी प्रशिक्षक व्यवस्थापनसम्बन्धी कार्य,
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन सम्बन्धी कार्य,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू ।

४) **खेल संघसंस्था समन्वय शाखा**

यस शाखा मार्फत सम्पादन हुने कार्यहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- सबै तहका सरकार र विभिन्न निकायहरूबाट सञ्चालित खेलकुद सम्बन्धी कार्यक्रमहरूको समन्वय गर्ने, गराउने कार्य,
- विद्यालय तथा विश्वविद्यालयमा संचालन गरिने खेलकुद सम्बन्धी प्राज्ञिक पाठ्यक्रम विकास र कार्यान्वयन, पृष्ठपोषण सम्वन्धी कार्य,
- राष्ट्रिय खेलकुद परिषद्को सम्पर्क शाखाको कार्य,
- खेलकुदसम्बन्धी संस्थाको आबद्धता सम्बन्धी कार्यको समन्वय,
- खेल संघसंस्था र खेलकुद क्लबहरूको नियमनको कार्यविधि तर्जुमा र मापदण्ड र कार्यान्वयनसम्बन्धी कार्य,
- खेल संघसंस्था र क्लबहरूको दर्ता कार्यविधि तर्जुमा,
- नेपाल ओलम्पिक कमिटी, एन्फा, क्यान लगायतका संस्थाहरूको कार्यको सहजीकरणसम्बन्धी कार्य,विभिन्न खेल संघहरूको कामको समन्वयसम्बन्धी कार्य,
- खेल संघसंस्थाहरूको वार्षिक क्रियाकलापहरूको प्रतिवेदन तयारी र प्रकाशनसम्बन्धी कार्य,
- शाखाको मासिक, चौमासिक वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने, गराउने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

## ४. निकायबाट प्रदान गरिने सेवा

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले युवा तथा खेलकुद मन्त्रालयलाई प्राप्त ११ वटा कार्यादेश र जिम्मेवारी पूरा गर्ने सिलसिलामा निम्नलिखित सेवाहरू प्रदान गरिँदै आएको छ ।

- सबै सरोकारवाला युवाहरूलाई माग बमोजिम सूचना उपलब्ध गराउने,
- खेलकुद सामग्रीहरू मगाउँदा लाग्ने भ्याट तथा अन्य कर छुट सुविधाकालागि सिफारिस गर्ने,
- विदेशी खेलाडी, प्रशिक्षकको भिसा सिफारिस गर्ने,
- राष्ट्रिय युवा नीति,२०७२,राष्ट्रिय खेलकुद विकास ऐन -२०७७ यस मन्त्रालयबाट प्रकाशित विविध निर्देशिका, कार्यविधि लगायतका अन्य प्रकाशनहरू उपलब्ध गराउने,

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

यस मन्त्रालय अन्तर्गतका दुई महाशाखाका शाखा तथा शाखा प्रमुखको विवरण यसप्रकार छः

युवा विकाश महाशाखा प्रमुखः **सह सचिव श्री सुवास चन्द्र शिवाकोटी**

युवा तथा प्रशासन महाशाखा अन्तर्गतका शाखाहरू

| क्र.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी | पद |
|---|---|---|---|
| १ | प्रशासन शाखा | जगदिश पराजुली | शाखा प्रमुख |
| २ | युवा परिचालन तथा परामर्श शाखा | रमा भट्टराई | शाखा प्रमुख |
| ३ | आर्थिक प्रशासन शाखा | ओम कुमारी पोखरेल | शाखा प्रमुख |
| ४ | युवा उद्यमशील विकास तथा लगानी प्रवर्द्धन शाखा | सुरेन्द्र कुमार बज्राचार्य | शाखा प्रमुख |
| ५ | कानुन तथा फैसला कार्यान्वयन शाखा | दिलिप कुमार प्रधान | शाखा प्रमुख |

| | | | |
|---|---|---|---|
| ६ | योजना, अनुगमण तथा विकाश सहायता शाख | शंकरराज पाठक | शाखा प्रमुख |

खेलकुद विकाश महाशाखा प्रमुखः **सहसचिव श्री  राम चरित्र मेहता**

**खेलकुद तथा संघसंस्था महाशाखा अन्तर्गतका शाखाहरुः-**

| क सं | शाखाको नाम | जिम्मेवार अधिकारी | पद |
|---|---|---|---|
| १ | खेलकुद प्रवर्द्धन शाखा | प्रमिला खरेल | शाखा अधिकृत |
| २ | खेलकुद प्रतियोगिता शाखा | कविता फुयाल | शाखा प्रमुख |
| ३ | खेलकुद पूर्वाधार विकास शाखा | प्रभाकर लाल कर्ण | शाखा प्रमुख |
| ४ | खेल संघसंस्था समन्वय शाखा | सुदर्शन मरहट्ठा | शाखा प्रमुख |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| **कर्.स.** | **सेवाको किसिम** | **लाग्ने दस्तुर** | **समय** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सूचना माग | १० पृष्ठसम्म निशुल्क र सोभन्दा माथि प्रति पृष्ठ रु ५। | १५ दिनभित्र | माग गरिएको सूचनाको प्रकृतिअनुसार कम समयमा पनि उपलब्ध हुन सक्ने |
| २ | खेलकुद सामग्रीहरू मगाउँदा लाग्ने भ्याट तथा अन्य कर छुट सुविधाका लागि सिफारिस गर्ने | | यथाशक्य छिटो | |
| ३ | विदेशी खेलाडी, प्रशिक्षकको भिसा सिफारिस गर्ने | | यथाशक्य छिटो | |
| ४ | राष्ट्रिय युवा नीति, २०७२, राष्ट्रिय खेलकुद नीति, २०६७ तथा यस मन्त्रालयबाट प्रकाशित विभिन्न निर्देशिका, कार्यविधि तथा युवा बुलेटिन लगायतका अन्य प्रकाशनहरू उपलब्ध गराउने | | माग गरेकै समयमा | |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

निर्णय गर्ने प्रक्रियाका सम्बन्धमा कागजात फाइल आदिको शुरू उत्थान गर्ने कार्यको थालनी शाखा अधिकृत तथा उप सचिवबाट र निर्णय गर्ने कार्य सहसचिव वा सचिव वा मन्त्रीस्तरबाट हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय प्रक्रियामा संलग्न अधिकारीले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयकर्ता भन्दा १ तहमाथिको पदाधिकारी समक्ष उजुरी गर्न सकिने र त्यस्तो उजुरी उपर नियमानुसार कारवाही गरिने ।

## ९. सम्पादन गरेको कामको विवरण

### १. आर्थिक वर्ष २०८१/०८२ का प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धीहरू

**क. नीति तथा कानूनी सुधारका क्षेत्रहरू**

- राष्ट्रिय खेलकुद नीति, २०८१ जारी गरिएको।
- राष्ट्रिय युवा नीति, २०८१ स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गरिएको।
- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई समसामयिक संशोधन गर्न व्यवस्थापिक संसदमा संशोधन विद्येयक दर्ता गरिएको।
- नयाँ राष्ट्रिय युवा परिषद ऐन मस्यौदा गर्ने प्रकृया अगाडि बढाइएको।

**ख. संरचनागत सुधारका क्षेत्रहरू**

राष्ट्रिय खेलकुद परिषदको संगठन संरचना तथा व्यवस्थापन सर्भेक्षण (O&M) गर्ने कार्य भइरहेको।

**ग. योजना तथा कार्यक्रमहरू र त्यसको कार्यान्वयन अवस्था**

**युवा तथा साना व्यवसायी स्वरोजगार कोष**

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष स्थापना पश्चात हालसम्म २९१६ सहकारीका १०९,३४४ जना व्यवसायीहरूलाई रु. १४ अर्ब १३ करोड ५८ लाख कर्जा लगानी गरी स्वरोजगारी सिर्जना गरिएको।
- रु. २ करोड ३ लाख ९६ हजार प्रिमियम भुक्तानी गरी १० हजार १ सय ३० जना व्यवसायी र व्यवसायको विमा गरिएको।
- २० सहकारीको ६७९ जना स्वरोजगार व्यवसायीलाई ब्याज अनुदान भुक्तानी दिइएको ।
- १९९५ जना स्वरोजगार युवा सृजना गरे बापत ६३ सहकारीलाई कर्जा व्यवस्थापन रकम भुक्तानी गरेको ।
- सहकारीहरुबाट रु. १ अर्ब २ करोड १३ लाख रुपैयाँ कर्जा असुली गरिएको भएको।

**नेपाल स्काउट**

- नेपाल स्काउटद्वारा २०८२ असार ९ गते १५८९ जनालाई स्काउट तालिम प्रदान गरिएको छ।
- नेपाल स्काउटद्वारा २०८१ फाल्गुन महिनामा गण्डकी प्रदेशको पोखरामा रहेको सशस्त्र प्रहरी बल तालिम केन्द्र मा ७० जनालाई स्काउट विपद ब्यबस्थापन तालिम प्रदान गरिएको छ।
- २४०८९ जना स्काउट स्वयंसेवक परिचालन गरिएको।

## राष्ट्रिय युवा परिषद्

- १०० जनाले युवा नवप्रवर्तन तथा इन्क्युवेशन प्राप्त गरेका।
- ३८० जना युवाहरुका लागि १६ स्थानमा रोजगारमुलक सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिएको।
- हालसम्म १००० हजार युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको।
- ६०० जना युवा र स्काउटलाई स्वयंसेवी कार्यमा सहभागी गराइएको।
- STRATEGIC REVIEW OF IMPLEMENTATION OF YOUTH VISION 2025 को लागि ब्रिटिस काउन्सिल सँग MOU भई कार्य अगाडी बढाइएको।
- नेत्रहिन युवा संघ नेपाल सँगको सहकार्यमा अपाङ्गता भएका युवाहरुको राष्ट्रिय सम्मेलन गरिएको
- फोरम फर नेशन बिल्डिङ्गको सहकार्यमा चावहिलमा ५०० जना युवाको सहभागितामा नेपाल युथ समिट कार्यक्रम भएको
- करिव ७०० युवाको सहभागितामाकला साहित्य सस्कृति र मनोरञ्जनका क्षेत्रमा क्रियाशील युवाहरुको संरक्षण तथा प्रवर्धन कार्यक्रम
- नास्टमा असार ४ गते ३१० जना युवाको सहभागितामा युवा विज्ञान तथा प्रविधि सम्मेलन
- बाँकेको बैजनाथ गापा मा ३० जना शारिरीक अपाङ्ग युवालाई ढक्की बुन्ने र मलङ्गवा नपा सर्लाहीमा २० जना लाई मुढा बुन्ने तालिम प्रदान
- १४०० जना युवालाई युवा मार्गदर्शन तथा मनोसामाजिक परामर्श प्रदान गरिएको।
- १०० जना युवाको सहभागितामा संयुक्त राष्ट्रसंघीय नमुना महासभा (MUN General Assembly) अभ्यास सम्पन्न गरिएको।
- ६५० युवाहरु सहभागितामा युवा उद्यमशीलता प्रवर्धन सम्मेलन साझेदारी कार्यक्रम सम्पन्न गरिएको।
- सङ्घीय नमुना युवा संसद अभ्यास (Mock Youth Parliament) सम्पन्न गरिएको।
- ६०० जना युवालाई डेंगु तथा प्रकोपजन्य रोग नियन्त्रण, लागु पदार्थ दुर्व्यसन, आधारभुत स्वास्थ्य शिक्षा सचेतना, लैङ्गिक विभेद तथा घरेलु हिंसा विषयमा स्वयंसेवकको रुपमा परिचालन गरिएको

## राष्ट्रिय खेलकुद परिषद्

- मिसन २०२६ खेलाडी प्रशिक्षण अन्तरगत करांते, तेक्वान्दो, बक्सिङ्ग, उसु, जुडो, महिला भलिबल, कवड्डी (पु/म), कुश्ती, एथलेटिक्स, गल्फ गरी जम्मा १० खेलका ८५ जना खेलाडी र १९ जना प्रशिक्षक गरी जम्मा १०४ जनाको २०८२ आषाढ मसान्त सम्मका लागि राष्ट्रिय टिमको विशेष प्रशिक्षण संचालन गरिएको ।

- टयालेन्ट हन्ट कार्यक्रम अन्तरगत भलिबल १४ पुरुष १४ महिला खेलाडी र २ प्रशिक्षक, कवड्डी १४ पुरुष १४ महिला खेलाडी र २ प्रशिक्षक, खो खो १४ पुरुष खेलाडी र १ प्रशिक्षक र रग्वी १६ पुरुष १६ महिला खेलाडी र २ प्रशिक्षक गरी जम्मा १०२ खेलाडी र ७ प्रशीक्षक सहित १०९ जना छात्रबृत्ती कार्यक्रमको लागि छनौट कार्य भएको । प्रदेश स्तरमा ९ देखि १२ वर्ष उमेर समूहका भिवष्यका लागि खेलुकद कार्यक्रममा खेलाडी छनौट प्रकृयामा रहको ।
- प्रशिक्षण विभागका नायव वरिष्ठ प्रशिक्षक, विभिन्न खेलका मुख्य प्रशिक्षक, प्रदेशमा कार्यरत प्रशिक्षकहरु गरी जम्मा ३० जना संलग्न हाइलेवल स्पोर्टस सेमिनार र ७ दिने क्षमता अभिवृद्धि तालिम- २०८१ कार्यक्रम सम्पन्न जसमा १४ खेलका जम्मा २४ जना स्वयंसेवक प्रशिक्षकहरु प्रशिक्षित ।
- पेरिस ओलम्पिक तयारी प्रशिक्षण तथा सहभागिता कार्यक्रम अन्तरगत एथलेटिक्स, ब्याडमिन्टन, पौडी, टेबलटेनिस, शुटिङ्ग, जुडो गरि ७ जना खेलाडी, ५ जना प्रशिक्षक र पारा खेलतर्फ तेक्वान्दो र पौडीमा ३ जना खेलाडी २ जना प्रशिक्षकहरुको अन्तिम चरणको विशेष प्रशिक्षण गरिएको ।
- ३ पुरुष र ४ महिला गरी ७ खेलाडीहरु सहित प्रशिक्षक तथा अफिसियल गरी जम्मा २७ जना सहभागिता रहेको ।
- पारालिम्पिक खेलमा नेपालबाट ३ जना पारा खेलाडी प्रशिक्षक र अफिसियल गरी ८ जना सहभागी रहेकोमा नेपाली पारा तेक्वान्दो खेलाडी पलेसा गोवर्धनले नेपाललाइ एतिहासिक कास्य पदक दिलाउन सफल ।
- छैटौं एशियन इण्डो मार्सल आर्ट गेम्स २०२४ आगामी २०२६ मा थाइल्याण्ड हुन भएकोले सहभागीता तयारी भइरहेको
- एशियाली इ-स्पोर्ट प्रतियोगीता मिति २०८२ बैशाख २६ देखी २८ सम्म काठमाण्डौमा सम्पन्न भयो जसमा नेपालका ३ टिम सहित १४ वटा देशका १६ टिमको सहभागीता रहेको थियो । नेपालबाट सहभागी टिम नेपाल नीलोले १५४ अंक सहित तेश्रो स्थान हासिल गरेको थियो ।
- विभिन्न राष्ट्रिय संघ, खेलकुद संस्था क्लवहरु र गोल्ड कपहरुको प्रतियोगीताहरु समेत गरेर जम्मा ७८ वटा रीष्ट्रिय तथा अन्य प्रतियोगिता आयोजना गरिएको ।
- प्रधानमन्त्री कप एकदिवसिय राष्ट्रिय क्रिकेट प्रतियोगिता २०८१ फागुण २५ देखि चैत्र १६, दाङ र रूपन्देही सहभागी खेलाडी संख्या १८० र प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता 2081/10/1-12 सहभागी ९ टिम ।
- एशियाली कराँते प्रतियोगीतामा सहभागिता भइ एरिका गुरुङ्गले रजत पदक प्राप्त ।

- मदन भण्डारी स्मृति स्पोट्र्स एकेडेमीद्वारा संचालन गरिने कार्यक्रम अन्तरगत क्रिकेट, भलिवल, फुटबल, ब्याडमिन्टन, बास्केटबल एथलेटिक्स कबड्डी कराँते तेक्वान्दो कुस्ती लगायतका १८ प्रतियोगिताहरु सम्पन्न भएको ।
- साहसिक खेलकुदको प्रतियोगिताहरु एशिया एड्भान्चर रनिङ्ग च्याम्पियन शिप सहभागीता, फिष्टेल ट्रेल रेस च्याम्पियन र माउण्ट एभरेष्ट मोटर स्पोर्टसका ९ प्रतियोगिता आयोजना भएको
- प्रधानमन्त्रीकप महिला./पुरुष भलिबल लिग प्रतियोगीता पोखरामा जेठ ८ देखि १७ सम्म सम्पन्न भएको ।
- सहिद स्मारक महिला/पुरुषा राष्ट्रिय लिग फुटबल प्रतियोगिता सम्पन्न गरिएको।
- यु १९ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता विराटनगरमा सम्पन्न भएको ।
- मिति २०८२ जेठ २५ देखि २९ गतेसम्म ५ दिन संचालन भएको । प्रतियोगितामा प्रत्यक प्रदेशबाट ७८ खेलाडी र अफिसियल सिहत जम्मा ५४६ जनाको सहभागिता रहेको प्रतियोगितामा बागमति प्रदेश ६ स्वर्ण ३/३ रजत/कास्य सहित प्रथम, मधेश प्रदेश ४ स्वर्ण २/२ रजत/कास्य सहित द्वितीय र लुम्बिनी प्रदेश ४ स्वर्ण १ रजत र ४ कास्य सहित तृतीय भएका थिए ।
- राष्ट्रिय फिफ्टिन्स पुरूष रग्वी प्रतियोगिता -२०८१ मिति २०८१ चैत्र २५ देखि ३१, ललितपुरमा सम्पन्न भएको थियो जसमा ४ क्लब सहभागी
- १५ औं राष्ट्रपति रनिङ्ग शिल्ड मिति २०८२ जेठ २८ देखि ३० गतेसम्म काठमाण्डौमा संचालन भएको प्रतियोगितामा १८ वर्ष उमेर सम्मका खेलाडीहरु बीच स्थानिय तथा जिल्ला स्तरको छनौट एवं प्रदेश स्तरका प्रतियोगिता हुँदै सातै प्रदेशबाट प्रत्येक प्रदेशका ११५ जना सहित जम्मा ८०५ जना खेलाडी तथा अफिसियलहरुको सहभागिता रहेको थियो ।
- विश्वविद्यालय खेलकुद प्रतियोगीता मिति २०८१।१०।२३ र २४ पोखरामा सम्पन्न ९ विश्वविद्यालयका २३४ खेलाडी सहभागी।
- मूलपानी, गिरिजाप्रसाद कोइराला र क्रिकेट रंगशाला डिपिआर र EIA सम्पन्न भएको ।
- कीर्तिपुर क्रिकेट मैदानमा फ्लड लाईट तथा स्कोरबोर्ड जडान कार्य अन्तिम चरण पुगेको।
- धनगढी रंगशाला निर्माणको लागि बोलपत्र आह्यवान गरिएको।
- पोखरा क्रिकेट रंगशालाको प्यारापिट निर्माण सम्पन्न भएको छ।
- कोहलपुर क्रिकेट रङ्गशाला तथा महिला क्रिकेट एकेडेमी, निर्माण कोहलपुर, बाँके विनियोजित बजेट अनुसार निर्माण कार्य सम्पन्न ।
- थानाकोट क्रिकेट मैदान निर्माण जयगढ गा.पा. ५ कालिका अछाम विनियोजित बजेट अनुसार निर्माण कार्य सम्पन्न ।

**युवा तथा खेलकुद मन्त्रालय**

- प्रदेश सरकार अन्तर्गत रहेको शिक्षा तालिम केन्द्रसँगको सहकार्यमा ३६० जना खेलकुद शिक्षकलाई तालिम सम्पन्न भएको।
- १० जना खेलकुद पत्रकारलाई प्रोत्साहन पुरस्कार प्रदान गरिएको।
- २१० जना खेलाडीलाई खेलकुदमा प्रतिवन्धित औषधी विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- ५० जना खेलाडीको लागि खेलाडी दुर्घटना विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- "अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा पदक हसिल गर्न सफल ८ वटा खेलका ८३ जना खेलाडी तथा प्रशिक्षकलाई नगद पुरस्कार प्रदान गरिएको।
- CAVA Women's Nation's Volleyball League 2024 मिति 2081।4।17-23 सम्म काठमाडौंमा सम्पन्न खेलमा दोश्रो स्थान हासिल गर्न सफल खेलाडीहरुलाई रु.3 लाखका दरले र व्यवस्थापक मुख्य प्रशिक्षक/ सहायक प्रशिक्षक फिजियोलाई रु. १ लाख २० हजारका दरले गरी जम्मा १८ जनालाई रु. ४७ लाख ६० हजार पुरस्कार प्रदान गरिएको।
- पेरिस, 2024 पाराओलम्पिक गेम्समा कास्यपदक विजेता एक जना खेलाडीलाई रु. 65 लाख एक जना प्रशिक्षकलाई रु. ५ लाख ८५ हजार र १ जना टिम व्यवस्थापकलाई रु. २ लाख ९२ हजार गरी ३ जनालाई जम्मा रु. ७३ लाख ७७ हजार पुरस्कार प्रदान गरिएको।
- SAFF Women Championship 2024 मा रजत पदक विजेता खेलाडीलाई २३ जनालाई रु. ३ लाखका दरले र मुख्य प्रशिक्षकलाई रु. २ लाखका दरले र सहायक प्रशिक्षक २ जनालाई रु. ६० हजारका दरले, व्यवस्थापक र फिजीयो गरी २ जनालाई रु. १ लाख २० हजारका दरले गरी जम्मा २८ जनालाई रु. ७४ लाख ६० हजार पुरस्कार प्रदान गरिएको।
- २०औं एसियाली कराँते च्याम्पियनसिपमा द्वितीय स्थान हासिल गर्न सफल खेलाडी १ जनालाई रु. ६ लाख र प्रमुख प्रशिक्षकलाई रु. १ लाख ८० हजार गरी जम्मा २ जनालाई रु. ७,८०,०००।- पुरस्कार प्रदान गरिएको।
- CAVA बीच भलिबल Men & Women मा रजत पदक विजेता २ जना पुरुष खेलाडीलाई रु. ३ लाखका दरले र स्वर्ण पदक विजेता २ जना महिला खेलाडीलाई रु. ५ लाखका दरले र प्रशिक्षकलाई रु. ३ लाखका दरले कुल जम्मा ५ जनालाई जम्मा रु. १९ लाख पुरस्कार प्रदान गरिएको।
- राष्ट्रिय खेलकुद नीति, 208२ जारी भएको।
- खेलकुद विकास ऐन, २०७७ संशोधन विधेयक नेपाल सरकार मन्त्रिपरिषदमा पेश भएको।
- खेलाडी, प्रशिक्षक, निर्णयाक र चिकित्सक गरी ९ जनालाई राष्ट्रिय खेलकुद सम्मान प्रदान गरिएको।

- काभ्रे, चितवन र नुवाकोटमा ५० जनाका दरले जम्मा १५० जनालाई खेलकुदमा लैंगित हिंसा विरुद्धको सचेतना कार्यक्रम सम्पन्न भएको।
- निजामती सेवा दिवस, 2081 को अवसरमा ट्रेड युनियन (११) र मुख्य सचिव (११) बीच फुटबल प्रतिस्पर्धा र महिला कर्मचारीका लागि ब्याटमिन्टन प्रतियोगिता सम्पन्न भएको।
- खेलगत रुपमा खेलाडीको पोषण मापदण्ड निर्माणका लागि TOR र Cost Estimate स्वीकृत भएको।
- दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनको अवधिमा खेलाडीहरुको अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने तयारी रहेको।
- त्रिभुवन विश्विविद्यालयमा अध्ययनरत १ जना सोधकर्तालाई खेलकुद सम्बन्धी सोध कार्यमा सहयोग गरिएको।
- नेपालको मौलिक एवं परम्परागत खेलकुदको खोज अनुसन्धानका लागि TOR र Cost Estimate तयार भएको
- राष्ट्रिय गौरव बढाउने पदक विजेता पूर्वखेलाडीहरु सम्बन्धी डकुमेन्ट्री निर्माणका लागि TOR को मस्यौदा तयार गरिएको।
- दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी तथा व्यवस्थापन सहजीकरणका लागि कर्णाली प्रदेशका खेलकुद पूर्वाधारहरुको अनुगमन गरिएको साथै प्रतियोगिता आयोजनाको तयारीमा सहजीकरण गरिएको।
- प्रथम खोखो विश्वकपमा उपविजेता हुन सफल नेपाली टोलीका महिला तथा पुरुष खेलाडीको टोली र ACC Men's U16 East Zone Cup का विजेता खेलाडीको टोलीलाई स्वागत तथा सम्मान कार्यक्रम आयोजना गरिएको।

## सूचना अधिकारी र प्रमुखको नाम र पद

<u>कार्यालय प्रमुखः</u>
नामः **डा. हरि प्रसाद लम्साल**
पदः सचिव

<u>सूचना अधिकारीः</u>
नामः **जगदिश पराजुली**
पदः उपसचिव
सम्पर्कः ९८५१३१९५४२

<u>सहायक सूचना अधिकारीः</u>
नामः

पदः शाखा अधिकृत

**<u>मातहतका सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः</u>**

**<u>राष्ट्रिय युवा परिषद्</u>**

नामः गेहनाथ गौतम

पदः प्रशासकीय प्रमुख

नामः **राज कुमारी खत्री**

पदः सूचना अधिकारी

सम्पर्कः९८४५९०११४४

**<u>राष्ट्रिय खेलकुद परिषद्</u>**

नामः **खुसराज दाहाल**

सम्पर्कः ०१-५३६२०७९

**<u>नेपाल स्काउट</u>**

नामः **सन्तोष चौहान**

पदः प्रशासकीय अधिकृत

सम्पर्कः ९८४१५११९३५

<u>युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय</u>

नामः **सुर्य प्रकाश तिवारी**

पदः सूचना अधिकारी

सम्पर्कः ९८४६०२८२६९

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस मन्त्रालयको सञ्चालन तथा व्यवस्थापन र कामकारबाही व्यवस्थित गर्नका लागि निम्नलिखित ऐन, नियम तथा नीति, निर्देशिका र कार्यविधिहरु प्रचलनमा रहेका छन:

- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७
- राष्ट्रिय युवा परिषद ऐन, २०७२
- नेपाल स्काउट ऐन, २०५०
- राष्ट्रिय युवा नीति, २०७२
- राष्ट्रिय खेलकुद नीति, २०६७
- युथ भिजन २०२५
- राष्ट्रपति रनिङशिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (चौंथो संशोधन)
- राष्ट्रिय युवा प्रतिभा सम्मानकार्यविधि (दोस्रो संशोधन), २०७८
- राष्ट्रिय खेलकुद प्रतिभा सम्मान (दोश्रो संशोधन) कार्यविधि, २०६८
- खेलकुद मैदान निर्माण तथा मर्मत र खेलकुद सामग्री सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७
- पारा र स्पेसल खेलकुद सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७
- राष्ट्रिय खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२
- खेलकुद प्रशिक्षणका लागि युवा स्वयंसेवक परिचालन कार्यविधि, २०७२
- सूचनाको हकसम्बन्धी निवेदनको कारबाही र किनारा गर्ने आन्तरिक कार्यविधि, २०७२
- युवा अनुभव आदान प्रदान व्यवस्थापन कार्यविधि, २०७२
- युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५
- राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७९
- फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७९
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (दोस्रो संशोधन सहित)
- तेह्रौं दक्षिण एशियाली खेलकुद सन् २०१९, आयोजना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६
- राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९
- राष्ट्रिय युवा परिषद नियमावली, २०७३

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (२०८२ असार मसान्त सम्मको)

| कार्यक्रम | विनियोजित बजेट तथा असार मसान्तसम्मको खर्च (रकम रु. लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा बजेट | खुद बजेट | चालू | | प्रतिशत | पूँजिगत | | प्रतिशत |
| | | | बजेट | खर्च | | बजेट | खर्च | |
| युवा तथा खेलकुद मन्त्रालय | ६७५.१ | ६७५.१ | ६१६.१ | ५३९.९ | ८७.६ | ५९.० | ३१.६ | ५३.६ |
| राष्ट्रिय युवा परिचालन कार्यक्रम | २०२.१ | २०२.१ | २०२.१ | २५.५ | १२.६ | ०.० | ०.० | ०.० |
| खेलकुद विकास कार्यक्रम | ७७१.० | ७६१.६ | ७६१.६ | ५१०.० | ६७.० | ०.० | ०.० | ०.० |
| नेपाल स्काउट | ४००.० | ४००.० | ४००.० | ३३०.४ | ८२.६ | ०.० | ०.० | ०.० |
| राष्ट्रिय खेलकुद परिषद | २८४७८.२ | १६१८९.१ | १११७५.४ | ९०८९.९ | ८१.३ | ५०१३.७ | ३८०९.५ | ७६.० |
| राष्ट्रिय युवा परिषद | ९६२.८ | ९६२.८ | ९५६.८ | ५६२.६ | ५८.८ | ६.० | ५.३ | ८७.६ |
| युवा तथा साना व्यवसायी स्वरोजगार कोष | १२२८.४ | १२२८.४ | १२१८.८ | ५५८.७ | ४५.८ | ९.७ | ५.२ | ५४.० |
| फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति | १७०.० | १७०.० | ७०.० | ५६.८ | ८१.१ | १००.० | ९.५ | ९.५ |
| **जम्मा संघीय बजेट** | **३२८८७.६** | | **१५४००.८** | **११६७३.८** | ७५.८ | **५१८८.४** | **३८६१.०** | ७४.४ |

## १२. तोकिए बमोजिमका अन्य विवरण

- नागरिक वडापत्र तयार पारी मन्त्रालयको वेभसाइटमा राखिएको।
- मन्त्रालयका सम्बन्धमा कुनै उजुरी वा गुनासो भए गोप्य रूपमा उजुरी गर्न उजुरी पेटिकाको व्यवस्था गरिएको,
- सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) अनुसार ३/३ महिनामा Proactive Disclosure नियमित रूपमा प्रकाशन गरिएको।

## १३. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

छैन ।

## १४. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

Website: www.moys.gov.np
Facebook page: https://www.facebook.com/moysnepall/
Twitter: https://twitter.com/youthmoys

**१५. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण**

छैन।

**१६. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

वेभसाइटमा रहेको।

**१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

छ।

**१८. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

| क.सं | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना मा हक माग गरेको मिति | माग गरेको सूचनाको संक्षिप्त बिबरण | सूचना दिए नदिएको र सो निर्णय को मिति | सूचना कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिइएको | नदिइएको भए सोको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अमृत पुडासैनी<br>कालिकास्थान, काठमाडौं<br>माग गरेको मिति२०८२/०२/२१ | अन्तर्गत निकायका कार्यक्रम र खर्चहरूको विवरण | अन्तर्गत निकायमा सूचना उपलब्ध गराउन पत्राचार गरिएको<br>निर्णय मिति: २०८२/०३/०२ | सूचना अधिकारी | राष्ट्रिय खेलकुद परिषद् र युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट सूचना उपलब्ध गराउन पत्राचार गरिएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | पवन तिमिल्सिना<br>नयाँ पत्रिका काठमाडौं<br>मितिः २०८२/०३/०८ | माननीय मन्त्रीको सचिवालयको कर्मचारी र सेवा सुविधाको विवरण | सूचना दिएको<br>मिति२०८२/०३/१९ | सूचना अधिकारी | | |
| ३ | विदुर ढुंगाना<br>राखेप सदस्य<br>२०८२/०३/१७ | नियुक्ति प्रक्रियाका कागजात | सूचना दिएको<br>मितिः २०८२/०३/२० | सूचना अधिकारी | | |
| ४ | महेन्द्र राज रञ्जित<br>नेपाल स्काउट<br>मितिः २०८२/०३/१८ | मा. मन्त्रीको निजि सचिवालयको चलानी किताबको प्रतिलिपी | सूचना दिएको<br>मिति २०८२/०४/०१ | सूचना अधिकारी | | |

**१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

मन्त्रालयका गतिविधि तथा युवा तथा खेलकुद विकाससम्बन्धी लेखरचनाहरु समेटी युवा पुस्तक नियमित रुपमा प्रकाशन हुँदै आएको छ र सो बुलेटिन माथि उल्लेख गरिएको वेबसाइटमा राखिएको छ । यस मन्त्रालयका सार्वजनिक सरोकारका सूचनाहरु मन्त्रालयको www.moys.gov.np वेबसाइटमा राख्ने गरिएको छ ।